निर्णय

१. "सुर्नया गाउँपालिका बैतडीको वडा सिमाना हेरफेर सम्वन्धमा नेपाल सरकार समक्ष सिफारिश गरी पठाउने" विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं.१/३६/१३२ - २०७५/१२/१३ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७५ लाई स्वीकृत गर्ने" विषयको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको नं. ४/११/१३०-२०७५/१२/१३ को प्रस्तावमा देहाय बमोजिम परिवर्तन गरी अन्य कुराहरु प्रस्तावमा लेखिएबमोजिम गर्ने-

(क) दफा ३ को उपदफा २(क) मा रहेको "प्रदेश भित्र स्थायी बसोबास भिएको" भन्ने शव्दावलीको सट्टामा "डोटी, बाजुरा, बझाङ्ग र अछाम चार जिल्लाभित्र स्थायी बसोबास भएको" भन्ने शब्दावली राख्ने ।

(ख) उपदफा ३ (क) मा रहेको "स्थायी वसोवास भएको" भन्ने शब्दावलीको सट्टा "डोटी, बाजुरा, बझाङ्ग र अछाम, चार जिल्लाभित्र स्थायी बसोबास भएको" भन्ने शब्दावली राख्ने ।

(ग) दफा ३ को उपदफा ३(ग) हटाएर कम मिलाउने ।

(घ) दफा ३ को उपदफा ४ झिकी उक्त दफामा "खप्तड क्षेत्रमा पर्ने डोटी, बाजुरा, बझाङ्ग र अछाम जिल्लाका प्रदेश सभाका सभासदहरुलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ" भन्ने वाक्य राख्ने ।

(ङ) दफा ३ को उपदफा ६ मा रहेको "शपथ गरेको मितिबाट" भन्ने शब्दावलीको सट्टा "ि नयुक्ती भएको मितिबाट" भन्ने शब्दावली राख्ने ।

३. "सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृति सम्वन्धमा ।" बिषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ४/१२/१३१-२०७५/१२/१३ को प्रस्तावमा देहायबमोजिम परिवर्तन गरी अन्य कुराहरु प्रस्तावमा लेखिएबमोजिम गर्ने-

(क) दफा ३ को उपदफा १५ मा "सम्वन्धित स्थानीय तहले तत्काल बन्द गर्ने" भन्ने शब्दावलीको सट्टामा "सम्वन्धित स्थानीय तहले स्पष्टिकरण लिई तत्काल बन्द गर्ने" भन्ने शव्दावली थप गर्ने ।

(ख) अनुसूची ३ मा रहेको तालिका हटाई देहायबमोजिमको तालिका राख्ने ।

नदीजन्य पदार्थ संकलनसम्वन्धी मापदण्ड

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| (क) | तालतलैया र धार्मिक महत्वका पोखरी | १ कि.मि. बाहिर | ६०० मि. बाहिर |
| (ख) | हाईटेन्सन लाईनबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (ग) | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | १.५ कि.मि. बाहिर |
| (घ) | निकुञ्ज, आरक्ष क्षेत्र | १.५ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| (ङ) | घनाबस्तिबाट | १.५कि.मि. बाहिर | ७०० मि. बाहिर |
| (च) | बन क्षेत्रबाट | १.५ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| (छ) | पक्की एवं झोलुंगे पुलबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (ज) | राजमार्गबाट | १ कि.मि. बाहिर | ५०० मि. बाहिर |
| (झ) | अन्तराष्ट्रिय सिमानाभित्र | कम्तिमा २ कि.मि. बाहिर | कम्तिमा १.५ कि.मि. बाहिर |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेश

(ग) अनुसूची ४ मा रहेको तालिका हटाई देहायबमोजिमको तालिका राख्ने ।

नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र संचालन सम्वन्धी मापदण्ड

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क. | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनार | १ कि.मि. बाहिर | ६०० मि. बाहिर |
| ख. | तालतलैया र धार्मिक महत्वका पोखरी | १.५ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| ग. | हाईटेन्सन लाईनबाट | ७०० मि. बाहिर | ५०० मि. बाहिर |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | १.५ कि.मि. बाहिर |
| ङ. | निकुञ्ज, आरक्ष क्षेत्र | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| च. | घनाबस्तिबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| छ. | वन क्षेत्रबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| ज. | पक्की एवं झोलुंगे पुलबाट | १ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| झ. | राजमार्गबाट | १ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| ञ. | अन्तराष्ट्रिय सिमानाभित्र | कम्तिमा २ कि.मि. बाहिर | कम्तिमा १.५ कि.मि. बाहिर |

४. “कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ च्याम्वर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।” विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ५/१६/१३४-२०७५/१२/१३ को प्रस्तावमा देहाय बमोजिम परिवर्तन गरी अन्य कुराहरु प्रस्तावमा लेखिए बमोजिम गर्ने-

(क) दफा ७ को उपदफा १ को सट्टामा देहायको उपदफा १ राख्ने-

“कोल्डस्टोर, कोल्डरुम र राइपेनिङ च्याम्बर निर्माण कार्यक्रम संचालनका लागि प्रति कार्यक्रम पूँजीगत लागतको बढिमा ५० प्रतिशत सम्म रु. एक करोडमा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराइने छ ।”

(ख) अनुसूची २ मा रहेको “७० प्रतिशत बरावरले हुन आउने रकम” को सट्टामा “५० प्रतिशत बरावरले हुन आउने रकम” भन्ने शव्दावली राख्ने ।

५. “गर्भवती र सुत्केरी अवस्थामा ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गर्ने सम्वन्धी कार्यविधि, २०७५ स्वीकृति प्रदान गर्ने” विषयको सामाजिक विकास मन्त्रालयको नं.७/२२/१३३ -२०७५/१२/१३ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

“प्रस्तावमा लेखिए बमोजिम गर्ने ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश